# मनसुन, शीत लहर, आगलागी, चट्याग, महामारी, आँधी प्रतिकार्य
## आपतकालीन कार्ययोजना,
## २०८०/०८१

जिल्ला प्रशासन कार्यालय,
ताप्लेजुङ

# Contents


१.जिल्लाको समग्र अवस्था ........ १

१.१.भौगोलिकअवस्थिति ........ १

१.२. जनसांख्यिक विवरण ........ १

१.३. जीवनस्तर तथा सेवामा पहुँच ........ २

२. प्रतिकार्य आपतकालीन कार्य योजना ........ २

२.१. प्रतिकार्य आपतकालीन कार्य योजनाको सीमा ........ २

३. जिल्लामा रहेका संकटाभिमुख स्थानीय तह ........ २-३

आगलागी ........ ४

खडेरी ........ ४

चटयाग ........ ५

४. आपतकालीन प्रतिकार्य क्षमता विश्लेषण ........ ५-६

४.१. आपतकालीन अवस्था निम्त्याउने प्रमुख प्रकोप सम्बन्धी हानी नोक्सानी भार तथा आपतकालीन अवस्थाको परिदृश्य (आ. व. ०८०।०८१) ........ ७

४.२. आपतकालीन प्रतिकार्यसँग सम्बन्धित विषयगत क्षेत्रहरु ........ ८–१२

५. प्रतिकार्य आपतकालीन कार्य योजनाको खाका ........ १२

जिम्मेवार निकाय : जिल्ला समन्वय समिति ........ १३

जिम्मेवार निकाय : जिल्ला विपद व्यवस्थापन समिति ........ १३

जिम्मेवार निकाय : नगरपालिका तथा गाउँपालिकाको विपद व्यवस्थापन समिति ........ १४

जिम्मेवार निकाय : आपतकालीन कार्य सञ्चालन केन्द्र (जिल्ला तथा स्थानीय DEOC , LEOC) ........ १५

जिम्मेवार निकाय : विषयगत क्षेत्र ........ १५-१६

जिम्मेवार निकाय : सञ्चार क्षेत्र ........ १६

जिम्मेवार निकाय : रेडक्रस गै. स. स., निजी क्षेत्र तथा सामुदायिक संस्था ........ १६-१७

## मनसुन, शीत लहर, आगलागी, चटयाग, महामारी, आँधी प्रतिकार्य
## आपतकालीन कार्ययोजना, २०८०/०८१

### १.जिल्लाकोसमग्रअवस्था

#### १.१.भौगोलिक अवस्थिति

ताप्लेजुङ जिल्लानेपालकोकोशी प्रदेश अन्तर्गत पूर्वोत्तर भागमा अवस्थित रहेको जिल्ला हो । यस जिल्लाको पूर्वमा भारतको सिक्किम, पश्चिममा तेह्रथुम, संखुवासभा जिल्ला, दक्षिणमा पाँचथर, तेह्रथुम र उत्तरमा चीनको तिब्वत रहेको छ। ताप्लेजुङ ७७७ मिटर देखि ८५८६ मिटरसम्मको उचाइमा रहेको छ । ताप्लेजुङ जिल्लाको कुल क्षेत्रफल ३६४६वर्ग कि.मि.(नेपालको कुल क्षेत्रफलको ३.२७५%) रहेको छ । यस जिल्लामा विश्वको तेस्रो तथा नेपालको दोस्रो उच्च हिमाल, विश्वकै सबै भन्दा सुन्दर कहलिएको "सिङ्गलिला" हिमश्रृङ्खला रहेकाछन् ।त्यसैगरी यस जिल्लामा प्रसिद्ध पाथीभरा देवीको मन्दिर, करिव ६०० वर्ष पुरानो डिकी छ्योलिङ गुम्वा लगायतका धार्मिक एवं ऐतिहासिक स्थलहरु रहेका छन् ।

#### १.२. जनसांख्यिक विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार ताप्लेजुङ जिल्लाको जनसांख्यिक विवरण देहाय अनुसार रहेको छ ।

| क्षेत्र | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्दिदर | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|
| आठराई त्रिवेणी गाउँपालिका | २८५४ | १२२९६ | ६०६६ | ६२३० | ४.३१ | ९७.३७ | -१.१० | १३८ |
| मैवाखोला गाउँपालिका | २२४९ | १०२१३ | ५१५३ | ५०६० | ४.५४ | १०१.८४ | -०.७४ | ७४ |
| मेरिङदेन गाउँपालिका | २६६२ | ११८३८ | ५८५९ | ५९७९ | ४.४५ | ९७.९९ | -०.५६ | ५६ |
| मिक्वाखोला गाउँपालिका | १८४५ | ७९६४ | ३९५४ | ४०१० | ४.३२ | ९८.६० | -१.३४ | १८ |
| फक्ताङलुङ गाउँपालिका | २८३२ | ११७९१ | ६०८८ | ५७०३ | ४.१६ | १०६.७५ | -०.१८ | ६ |
| फुङलिङ नगरपालिका | ६८९८ | २८४४९ | १३९८१ | १४४६८ | ४.१२ | ९६.६३ | ०.७२ | २२७ |
| सिदिङ्वा गाउँपालिका | २४७६ | १०९७९ | ५५३१ | ५४४८ | ४.४३ | १०१.५२ | -०.९३ | ५३ |
| सिरीजङ्घा गाउँपालिका | ३२५५ | १४११४ | ७१७५ | ६९३९ | ४.३४ | १०३.४० | -१.०९ | २९ |
| पाथीभरा याङवरक गाउँपालिका | २७०५ | ११८०६ | ५८५८ | ५९४८ | ४.३६ | ९८.४९ | -१.३५ | १२६ |
| संस्थागत | २२ | ११४० | ११०८ | ३२ | | | | |
| जम्मा | २७७९८ | १२०५९० | ६०७७३ | ५९८१७ | ४.३४ | १०१.६० | -०.५३ | ३३ |

ताप्लेजुङ जिल्लामा लिम्बु, शेर्पा, क्षेत्री, ब्रामण, राई, गुरुङ्ग, विश्वकर्मा परियार, नेवार, मगर, सुनुवार, मिजार लगायतका समुदायहरुको बसोबास रहेको छ । यस मध्ये धेरै जनसंख्या भएका समुदायहरुमा लिम्बु५१३७२, शेर्पा १४४४३ तथा क्षेत्री १४०७३रहेका छन् । यहाँ किराँत, हिन्दु, बौद्ध, इस्लाम, क्रिश्चियन लगायतका धर्मावलम्बीहरु बस्दछन् । पाँच वर्षभन्दा मुनिका बालबालिका करिव ८.४ प्रतिशत र साठी वर्ष भन्दा माथि करिव १० प्रतिशत जनसंख्या रहेको देखिन्छ । आपतकालीन अवस्थामा व्यक्तिगत संकटापन्नताको आधारमा यस उमेर समूह बढी जोखिममा पर्ने गर्दछन् ।

## १.३. जीवनस्तर तथा सेवामा पहुँच

जनगणना २०७८ अनुसार जम्मा २७७७६ परिवार संख्या मध्ये माटोको जोडाइ भएको इँटा र ढुङ्गाले बनेको परिवार संख्या २४६८४, सिमेन्टको जोडाइ भएको इटा ढुङ्गा भएको परिवार संख्या १६९०, ढलान पिलर सहितको परिवार संख्या ४१६, काठ बाँसको खम्बा भएको परिवार संख्या ९३७ र अन्य परिवार संख्या ४९ रहेका छन् । ताप्लेजुङभरिमा ७२ वटा सार्वजनिक शौचालय रहेका छन् । मूल धाराको पानी खाने परिवार संख्या ५३७ रहेका छन् भने १४१३८ परिवारले घरपरिसर भित्रै धारा पाइपको सुविधा पुर्याएर खानेपानी प्रयोग भएको छ । त्यसैगरी परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धनमा सबभन्दा बढी (२४६३० परिवारले) काठ दाउरा दोस्रोमा (३००६ परिवारले) एल पी ग्यास र तेस्रोमा (३२ परिवारले) बिजुली प्रयोग रहेको छ । बत्ती बाल्न प्रयोग गरिने स्रोतको रुपमा बिजुली २४०५९ परिवार संख्याले उपयोग गरेका छन् भने सोलार सौर्य ऊर्जा ३१३५ परिवारले उपयोग गरेका छन । परिवारमा उपलब्ध साधन तथा सुविधामा रेडियो सुविधा १५५९३, स्मार्ट मोबाइल फोन १५३६ तथा इन्टरनेट ५२५ परिवार संख्याले सुविधा उपयोग गरेका छन । विकासका सूचकांक केही मात्रामा सकारात्मक भए पनि विपदले नकारात्मक असर पार्न सक्ने देखिन्छ ।

## २. प्रतिकार्य आपतकालीन कार्य योजना

नेपाल विभिन्न प्रकारका प्रकोप तथा विपदहरुबाट वर्षेनी प्रभावित हुने गरेको छ । ताप्लेजुङ जिल्ला भूकम्प, बाढी पहिरो, चट्याङ्ग, आगलागी, महामारी, आँधी तथा असिना लगायतका प्राकृतिक विपद आइरहेका छन् । यस जिल्लाको संकटापन्नता तथा सीमित क्षमताका कारण यी प्रकोप विपदले पटक-पटक आपतकालीन अवस्था सृजना गर्ने गरेका छन् । जिल्लामा कुनै पनि समयमा आपतकालीन अवस्था आउन सक्ने परिस्थितिलाई आत्मसात गर्दै यो कार्य योजना तर्जुमा गरिएको हो । यस कार्य योजनाको उदेश्यहरु देहाय अनुसार रहेको छ ।

- जिल्लामा विपद् बाट उत्पन्न हुने आपतकालीन अवस्थालाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न क्रमिक रुपमा क्षमता अभिवृद्धि गर्नु ।
- जिल्लाको वर्तमान अवस्था, यहाँ रहेका प्रकोप तथा तिनबाट सृजना भएका आपतकालीन कार्यका लागि जिल्लाको क्षमता लेखाजोखा गरी प्रकोपको आधारमा आपतकालीन अवस्थामा हुन सक्ने सम्भावित हानी नोक्सानीको पूर्वानुमान गर्नु ।
- हानी नोक्सानीको आधारमा आपतकालीन अवस्था व्यवस्थापनको लागि जिल्ला विपद व्यवस्थापन समिति, स्थानीय तह तथा अन्य सरोकारवालाहरुले प्रतिकार्यसँग सम्बन्धित प्रमुख क्रियाकलापहरुको पहिचान गर्नु ।
- प्रतिकार्यसँग सम्बन्धित प्रमुख क्रियाकलापहरुको कार्यान्वयनका लागि जिम्मेवार निकायहरु पहिचान गरी क्रियाकलापहरुको कार्यान्वयन गर्नु ।


## २.१. प्रतिकार्य आपतकालीन कार्य योजनाको सीमा

यो कार्य योजना विपद पश्चातको आपतकालीन अवस्थाको प्रतिकार्यसँग मात्र सम्बन्धित रहेको छ । यस योजना तर्जुमा गर्न सकेसम्म योजना तर्जुमा सम्बन्धी अपनाउनु पर्ने विधि तथा औजारहरुको उपयोग गरिएतापनि विगतमा अविरल वर्षाका कारणले विषेश गरी सिरीजंगा, सिदिङवा तथा मैवाखोला गाउँपालिकामा बाढी पहिरोले विपद आएकोले सबै स्थानीय तहसँग विस्तृत रुपमा छलफल हुन सकेन । यद्यपि यस कार्य योजना तर्जुमामा विविध सूचना सामग्रीको उपयोग गरी सुझाव तथा पृष्ठपोषण लिइएको थियो । आगामी वर्षमा यो कार्ययोजनालाई अध्यावधिक गर्ने क्रममा विस्तृत रुपमा छलफल गरी सम्पूर्ण सरोकारवालाहरुको राय सुझावलाई समेटिनेछ ।

## ३. जिल्लामा रहेका संकटाभिमुख स्थानीय तह

जिल्ला विपदसँग सम्बन्धित कार्य गर्ने कार्यालय तथा संघसंस्थाहरुसँग २०६७ सालमा नेपाल रेडक्रस सोसाइटीले गरेको जोखिम पहिचान सम्बन्धी गोष्ठीले गरेको पहिचान र सो पछि जिल्लामा घटेका घटनाका आधारमा जोखिमहरु साविकका गाउँ विकास समितिमा निम्न बमोजिम पर्न सक्ने अनुमान गरिएको छ ।

# प्राकृतिक प्रकोपबाट जोखिममा रहेका स्थानहरु




| क्र.स. | न.पा./गा.पा | उच्च जोखिममा रहेका वडाहरु (साविकका गा.वि.स.) | मध्यम जोखिममा रहेका वडाहरु (साविकका गा.वि.स.) | न्यून जोखिममा रहेका वडाहरु (साविकका गा.वि.स.) |
|---|---|---|---|---|
| १ | सिरीजङघा | वडा नं. १ ५ ६ ७ ५ र ८ | वडा नं. २ ३ र ४ | |
| २ | सिदिङवा | वडा नं १ २ ३ ५ र ७ | वडा नं ४ र ६ | |
| ३ | पाथीभरा याङवरक | वडा नं १ ५ र ६ | वडा नं ३ २ र ४ | |
| ४ | फुङलिङ न.पा. | वडा नं.-१, ६, ९, ८ र १० | वडा नं. ३, ४, ७ र ११ | वडा नं. २ र ५ |
| ५ | फक्ताङलुङ | वडा नं १ २ ३ ४ ५ ६ ७ | | |
| ६ | मिक्वाखोला | वडा नं. १, २ ३ र ४ | वडा नं. ५ | |
| ७ | मेरिङदेन | वडा नं. २ र ४ | वडा नं. १, ३, ६ र ५ | |
| ८ | मैवाखोला | | वडा नं. १, २, ४, ५ र ६ | वडा नं. ३ |
| ९ | आठराई त्रिवेणी | वडा नं. १ र २ | वडा नं. ३ | वडा नं. ४ र ५ |

## आगलागी

| क्र.स. | न.पा./गा.पा | जोखिममारहेका वडाहरु | साविका गाविस |
|---|---|---|---|
| १ | सिरीजंघा | वडा नं. १ | सिनाम |
| २ | सिदिङवा | वडा नं ४ | साब्लाखु |
| ३ | पाथीभरा याङवरक | वडा नं १, २, ३, ४, ५ र ६ | नाङखोल्याङ्ग, थेचम्बु, तिरिङ्गे, डुम्रिसे, चाक्सिवोटे र थुम्बेदिन |
| ४ | फुङलिङन.पा. | वडा नं. २, ३, ४, ५, ६, ७ र ८ | फुङलिङ र दोखु |
| ५ | फक्ताङलुङ | वडा नं. १, ३, र ४ | सावादिन, लिङखिम र इखाबु |
| ६ | मिक्वाखोला | वडा नं. १, २ र ५ | खोक्लिङ, पापुङ |
| ७ | मेरिङदेन | वडा नं १, २, ३, ५ र ६ | थिङलाबु, सान्थाक्रा, खाम्लुङ, थुकिमा र नाल्बु |
| ८ | मैवाखोला | वडा नं. ३, ४ र ५ | साँघु र फाकुम्बा |
| ९ | आठराई त्रिवेणी | वडा नं. १, २, ३, ४ र ५ | निघुरादिन, फूलबारी, हाङपाङ र चाँगे |

## खडेरी

| क्र.स. | न.पा./गा.पा | जोखिममा रहेका वडाहरु(साविकका गा.वि.स.) | मध्यम जोखिममा रहेका वडाहरु(साविकका गा.वि.स.) | न्यून जोखिममा रहेका वडाहरु (साविकका गा.वि.स.) |
|---|---|---|---|---|
| १ | सिरीजङघा | वडा नं. १ ५ ६ ७ ५ र ८ | वडा नं. २ ३ र ४ | |
| २ | सिदिङवा | वडा नं १ २ ३ ५ र ७ | वडा नं ४ र ६ | |
| ३ | पाथीभरा याङवरक | वडा नं १ ५ र ६ | वडा नं ३ २ र ४ | |
| ४ | फुङलिङ न.पा. | वडा नं.-१, ६, ९, ८ र १० | वडा नं. ३, ४, ७ र ११ | वडा नं. २र ५ |
| ५ | फक्ताङलुङ | वडा नं १ २ ३ ४ ५ ६ ७ | | |
| ६ | मिक्वाखोला | वडा नं. १, २ ३ र ४ | वडा नं. ५ | |
| ७ | मेरिङदेन | वडा नं. २ र ४ | वडा नं. १, ३, ६ र ५ | |
| ८ | मैवाखोला | | वडा नं. १, २, ४, ५ र ६ | वडा नं. ३ |
| ९ | आठराई त्रिवेणी | वडा नं. १ र २ | वडा नं. ३ | वडा नं. ४ र ५ |

चटयाग

| क्र.स. | न.पा./गा.पा | वडाहरु | साविकका गा.वि.स. |
|---|---|---|---|
| १ | सिरीजङघा | वडा नं. १ २ ३ ४ ५ ६ ७ र ८ | सिनाम, आम्वेगुदिन, सिंकैचा, तेल्लोक, पेदाङ, मामांखे, खेवाङ र याम्फुदिन |
| २ | सिदिङवा | वडा नं १ २ ३ ४ ५ ६ ७ ८ | आंखोप, सादेवा, कालिखोला, साब्लाखु, लिम्बुदिन, मेहेले र सुरुमखिम |
| ३ | पाथीभरा याङवरक | वडा नं १ २ ३ ४ ५ | नाङखोल्याङ, थेचम्बु, तिरिङ्गे, डुम्रिसे र चाक्सीबोटे |
| ४ | फुङलिङ न.पा. | वडा नं.-१, ६, ९, ८ र १० | फुङलिङ, दोखु, हाङदेवा र फुरुम्बु |
| ५ | फक्ताङलुङ | वडा नं ३ १ ४ | सावादिन, लिङखिम र इखाबु |
| ६ | मिक्वाखोला | वडा नं. ४ | साँवा |
| ७ | मेरिङदेन | वडा नं. २ र ५ | सान्थाक्रा र थुकिमा |
| ८ | मैवाखोला | ३ ४ र ५ | साँघु र फाकुम्बा |
| ९ | आठराई त्रिवेणी | वडा नं. १ २ ३ ४ र ५ | निघुरादिन, फुलबारी ,हाङपाङ र चाँगे |

## ४. आपतकालीन प्रतिकार्य क्षमता विश्लेषण

नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले विपद तथा त्यसबाट आइपर्न सक्ने आपतकालीन अवस्थालाई आत्मसात गर्दै पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी विभिन्न कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था गरेको छ । स्थानीय तहस्तरीय प्रकोप सम्बन्धी संकटापन्नता तथा क्षमता लेखाजोखा गरिएको छ ।विपद सम्बन्धी सूचना संकलन, विपद पूर्व तथा पश्चातका क्रियाकलापहरु समन्वय गर्नका लागि साथै समन्वयकारी भूमिका निर्वाह गर्न जिल्ला र स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना भएको छ । तर तालीम प्राप्त जनशक्तिको अभाव रहेको छ । जिल्लास्थित सुरक्षा निकायहरुसँग सञ्चार साधन रहेका छन् । टोल फ्री नम्बर, भिएचएफ जस्ता सञ्चारका सामाग्री जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रलाई उपलब्ध गराइएको छ । यद्यपी ठूलो आपतकालीन समयको लागि यी साधनहरु थप गर्नुपर्ने देखिन्छ । साथै आपतकालीन समयमा सम्पादन गरिनुपर्ने विषय समेतमा मानवीय रिपोर्टिङ्ग सम्बन्धी तालिम आवश्यक देखिन्छ ।

जिल्ला विपद व्यवस्थापन समिति र स्थानीय विपद व्यवस्थापन समितिले राहत वितरण सम्बन्धी मापदण्ड अनुरुप राहत दिने व्यवस्था रहेको छ । तर पनि राहत वितरणमा लक्षित समूह पहिचान चुनौतीपूर्ण हुदै आएको छ । वास्तविक पीडितले राहत नपाउने र यदाकदा राहत प्राप्त गर्ने प्राथमिक सूचीमा नपर्ने परिवारहरुले पनि राहतको माग गर्ने गरेका हुन्छन । अत राहतको परिमाण र राहत प्राप्त गर्ने व्यक्तिको छनौट स्पष्ट गर्ने मापदण्ड तथा प्रक्रिया भएमा दोहोरो राहत प्राप्तिका समस्या कम गर्न सकिने देखिन्छ । अत्यन्त जोखिममा रहने समूह वर्गलाई प्राथमिकीरण दिनुपर्ने देखिन्छ ।

जिल्लामा रहेका सुरक्षा निकायका तीनवटै निकायहरु क्रियाशील हुने गरेका छन् । नेपाली सेना सशस्त्र प्रहरी बल नेपालसँग तालिम प्राप्त जनशक्ति एवं खोज तथा उद्धारको लागि सामग्रीहरु रहेका छन् । नेपाल प्रहरी विपद पश्चात भएको क्षति लेखाजोखा गर्न खटिने गरेको छ । जनशक्ति तथा सामग्रीको पर्याप्तता नभए पनि यी सुरक्षा निकायहरु जिल्ला विपद व्यवस्थापन समितिको निर्देशन तथा निर्णय अनुसार प्रतिकार्यको लागि खटिने गर्दछन । विपदबाट सबै वर्ग समूहलाई उत्तिकै जोखिम पर्न सक्ने र सबैलाई उत्तिकै सहयोग आवश्यक पर्न सक्ने तर खोज तथा उद्धारको क्रममा बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका आदि व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिनुपर्ने भएकोले उनीहरुको लगत राख्न जरुरी देखिन्छ । खोज तथा उद्धारको क्रममा आवश्यक पर्ने प्राथमिक उपचारको लागि सुरक्षा निकाय तथा नेपाल रेडक्रस सोसाइटीसँग तालिम प्राप्त जनशक्ति तथा सामग्री रहेका छन् । यद्यपी विपदले ठूलो आपतकालीन अवस्था निम्त्याएको अवस्थामा यी जनशक्ति तथा सामाग्री पर्याप्त नहुन सक्छन् । साथै प्रभावकारी रुपमा खोज तथा उद्धार र राहत उपलब्ध गराउन यातायातको व्यवस्था समेत गर्नुपर्ने देखिन्छ ।

नौ वटै स्थानीय तहा आपतकालीन अवस्थामा विस्थापितहरुलाई राख्नको लागि खुल्ला स्थानहरुको पहिचान भएको छ । खुल्ला स्थानहरुको छनौट भएता पनि ती स्थानहरुमा न्यूनतम सेवा सुविधाहरु स्थापित गर्न आवश्यक देखिन्छ । प्राय जसो आपतकालीन अवस्थामा विद्यालय भवन एवं अन्य सार्वजनिक भवनहरु आपतकालीन आश्रय स्थलको रुपमा प्रयोग हुने हुँदा यी पूर्वाधारहरुमा आवश्यक खानेपानी, शौचालय, अस्थायी सिकाई केन्द्र आदिको व्यवस्थापन सम्बन्धी कार्यहरु गर्नुपर्ने हुन्छ ।

स्थानीय सरकारले आपतकालीन अवस्थामा विद्यालयहरु अस्थायी आश्रयस्थलको रुपमा उपयोग हुने हुनाले विद्यालयमा खानेपानी तथा सरसफाइको प्रबन्धलाई प्राथमिकतामा राखेको छ ।बालिका, अपांगता भएका बालबालिका, दलित समुदायका बालबालिका, गरिब परिवारका बालबालिकालगायत जोखिममा रहेका वर्ग तथा समूहहरुलाई आपतकालीन अवस्थामा उनीहरुको संरक्षणमा विशेष ध्यान दिन आवश्यक देखिन्छ ।आपतकालीन अवस्थामा जोखिममा रहन सक्ने वर्गहरुलाई मनोवैज्ञानिक परामर्शको लागि जनशक्ति तयार गर्नु पर्ने देखिन्छ ।

आपतकालीन अवस्थाको लागि आवश्यक पर्ने खाद्यान्न ताप्लेजुङ्ग जिल्लालाई पुग्ने नै देखिन्छ । यद्यपि ताप्लेजुङ्ग उद्योग वाणिज्यसंघले मौजुदा रहेको सामाग्रीको लेखाजोखा नियमित रुपमा गर्नुपर्ने देखिन्छ ।

जिल्ला विपद व्यवस्थापन समिति तथा स्थानीय विपद व्यवस्थापन समितिको आ-आफ्नै कोष रहेको छ । कोषमा न्यूनतम रकम बाँकी राखी मापदण्ड बमोजिम तत्काल राहत उपलब्ध गराउने गरिएको छ ।जिल्ला स्तरमा विभिन्न गैर सरकारी संस्थाहरु तथा संचार माध्यम एवं निजी क्षेत्रको उपस्थिति रहेको छ । यी संस्थाहरुसँग आपतकालीन प्रतिकार्यसँग सम्बन्धित विभिन्न क्षमताहरु रहेको छ । तथापी  यी निकायहरुवीच थप प्रभावकारी समन्वय गर्नुपर्ने देखिन्छ ।

## ४.१. आपतकालीन अवस्था निम्त्याउने प्रमुख प्रकोप सम्बन्धी हानी नोक्सानी भार तथा आपतकालीन अवस्थाको परिदृश्य (आ. व. ०८०।०८१)

| नोक्सानीको क्षेत्र | भूकम्प | बाढि/पहिरो | आगलागी | चट्याग | आँधी | महामारी | असिना/ हिमपात |
|---|---|---|---|---|---|---|---|
| घटनाको समय | जुनै पनि समय | मनसुन | जुनै पनि समय | जुनै पनि समय | चैत्र बैशाख | जुनै पनि समय | मंसीर /पुस/ माघ |
| मृत्यु हुन सक्ने जनसंख्या | - | १५ | ५ | ५ | - | ५ | ५ |
| घाइते हुन सक्ने जनसंख्या | - | १० | ६ | १० | - | - | - |
| घर पूर्ण क्षति | ५०० | १०० | ५० | ५ | | - | - |
| उच्च जोखिमयुक्त घर | १७०० | १५०० | ३५०० | | | | |
| जोखिमयुक्त घर | २७०० | १३५० | ४००० | - | | | |
| विस्थापितहरुको संख्या | २५०० | ५०० | २५० | २५ | | | |
| प्रभावितहरुको संख्या | २२००० | ९२५० | - | - | | २०००० | |
| स्वास्थ्य सेवा आवश्यक पर्ने जनसंख्या | २२००० | ९२५० | २५०० | २५ | | २०००० | |
| खानेपानी आपूर्तिबाट बन्चित जनसंख्या | २२००० | ९२५० | २५०० | २५ | | २०००० | |
| शिक्षाबाट प्रभावित जनसंख्या | ८८०० | ३५०० | २००० | १५ | | १६०० | |
| सार्वजनिक संचारमा असर | संचार नेटवर्क क्रियाशील नहुने | | | | | असर नपर्ने | |
| विद्युत आपूर्तिमा असर | विद्युत आपूर्ति बन्द हुने | | | | | असर नपर्ने | |
| यातायातमा परेको असर | राजमार्ग तथा स्थानीय सडक र स्थानीय तहमा रहेका पुलहरु प्रयोग गर्न नमिल्ने | | असर नपर्ने | | | | |

## ४.२. आपतकालीन प्रतिकार्यसँग सम्बन्धित विषयगत क्षेत्रहरु

| क्र.सं. | क्षेत्र (Cluster) | नेतृत्वकर्ता | सहयोगी संस्था (सदस्य) | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|
| १ | खाद्य तथा पोषण समूह | सम्बन्धित स्थानीय तहको कृषि विकास शाखा प्रमुख वा LDMCले तोकेको व्यक्ति | सम्बन्धित स्थानीय तहका | प्रमुख/उपप्रमुख |
| | | | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी |
| | | | सम्बन्धित स्थानीय तहका | प्रमुख प्रशासकीय अधिकृत |
| | | | कृषि ज्ञान केन्द्र पाँचथर | प्रमुख |
| | | | पशु सेवा तथा पशु अस्पताल पाँचथर | प्रमुख |
| | | | कृषि ज्ञान केन्द्र सम्पर्क कार्यालय | प्रमुख |
| | | | पशु अस्पताल तथा पशु सेवा केन्द्र स. का. | प्रमुख |
| | | | स्वास्थ्य कार्यालय | प्रमुख |
| | | | जिल्ला अस्पताल | प्रमुख |
| | | | सम्बन्धित स्थानीय तहको सामाजिक विकास शाखा | प्रमुख |
| | | | नेपाल रेडक्रस सोसाइटी | सभापति |
| | | | उद्योग वाणिज्य संघ | अध्यक्ष |
| | | | होटल व्यवसायी संघ | अध्यक्ष |
| | | | कञ्चन्जङघा महिला समुह | अध्यक्ष |
| | | | नेपाल खाद्य संस्थान | कार्यालय प्रमुख |
| | | | महिला उद्यमी संघ | अध्यक्ष |
| २ | खानेपानी तथा सरसफाइ सब डिभिजन कार्यालय | सम्बन्धित स्थानीय तहको भौतिक पूर्वाधार विकास शाखा प्रमुख वा LDMC ले तोकेको व्यक्ति | जिल्ला समन्वय समिति | प्रमुख |
| | | | सम्बन्धित स्थानीय तहका | प्रमुख उपप्रमुख |
| | | | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी |
| | | | सम्बन्धित स्थानीय तहका | प्रमुख प्रशासकीय अधिकृत |
| | | | स्वास्थ्य कार्यालय | प्रमुख |
| | | | खानेपानी तथा सरसफाइ सब डिभिजन | प्रमुख |
| | | | उद्योग वाणिज्य संघ | प्रमुख |
| | | | सम्बन्धित स्थानीय तहको पूर्वाधार तथा सामाजिक विकास शाखा | |
| | | | पूर्वाधार कार्यालय पाँचथर | प्रमुख |
| | | | नेपाल रेडक्रस सोसाइटी | प्रमुख |
| | | | वातावरण संरक्षण तथा बिकास मञ्च | सभापति |
| | | | नेपाल रेडक्रस सोसाइटी | अध्यक्ष |
| | | | स्वास्थ्य कार्यालय | स्वास्थ्य समिति संयोजक |

| | | | | |
|---|---|---|---|---|
| | | | जिल्ला अस्पताल | प्रमुख |
| | | | गै.स.स. | प्रमुख |
| ३ | स्वास्थ्य समुह | सम्बन्धित स्थानीय तहको स्वास्थ्य शाखा प्रमुख वा LDMCले तोकेको व्यक्ति | जिल्ला समन्वय समिति | प्रमुख |
| | | | सम्बन्धित स्थानीय तहका | प्रमुख उपप्रमुख |
| | | | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी |
| | | | सम्बन्धित स्थानीय तहका | प्रमुख प्रशासकीय अधिकृत |
| | | | पशु अस्पताल तथा पशु सेवा केन्द्र | प्रमुख |
| | | | जिल्ला आयुर्वेदिक स्वा.के. | प्रमुख |
| | | | स्वस्थ्य चौकी तथा उप स्वा.चौकी | प्रमुख |
| | | | नेपाल ग्रामिण सेवा मञ्च | अध्यक्ष |
| | | | सु–आहारा कार्यक्रम | कार्यक्रम संयोजक |
| | | | खानेपानी तथा सरसफाइ सब डिभिजन | प्रमुख |
| | | | पाथिभरा क्याम्पस | प्रमुख |
| | | | जिल्ला प्रशासन कार्यालय | सहायक प्रजिअ |
| | | | जिल्ला अस्पताल | |
| | | | नेपाल रेडक्रस सोसाइटी | संयोजक |
| | | | डिचेनडोङला स्मारक आँखा उपचार केन्द्र | अध्यक्ष |
| ४ | संरक्षण समूह | सम्बन्धित स्थानिय तहका उपप्रमुख /उपाध्यक्ष वा LDMCले तोकेको व्यक्ति | जिल्ला समन्वय समिति | प्रमुख |
| | | | जिल्ला प्रशासन कार्यालय | प्रमुख |
| | | | सम्बन्धित स्थानीय तहका | प्रमुख उपप्रमुख |
| | | | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी |
| | | | सम्बन्धित स्थानीय तहका | प्रमुख प्रशासकीय अधिकृत |
| | | | जिल्ला वाल कल्याण समिति | प्रमुख |
| | | | जिल्ला प्रहरी कार्यालय | प्रमुख र महिला सेल प्रमुख |
| | | | शिक्षा विकास तथा समन्वय इकाइ | प्रमुख |
| | | | नेपाल बार एसोसिएसन | अध्यक्ष |
| | | | सम्बन्धित स्थानीय तहका शिक्षा विकास शाखा, सामाजिक विकास शाखा, पुर्वाधार विकास शाखा | प्रमुख |

| | | | | |
|---|---|---|---|---|
| | | | जिल्ला वाल संजाल | अध्यक्ष |
| | | | नेपाल रेडक्रस | प्रमुख |
| | | | महिला जागरण संघ | अध्यक्ष |
| | | | स्वास्थ्य कार्यालय | प्रतिनिधि |
| | | | जिल्ला अस्पताल | प्रमुख |
| | | | गैसस | |
| ५ | शिक्षा समूह | सम्बन्धित स्थानीय तहका सामाजिक विकास शाखा अन्तर्गत शिक्षा शाखा प्रमुख वा LDMCले तोकेको व्यक्ति | जिल्ला समन्वय समिति | प्रमुख |
| | | | सम्बन्धित स्थानीय तहका | प्रमुख/उपप्रमुख |
| | | | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी |
| | | | न.पा. र सबै गाउँपालिका | प्रमुख प्रशासकीय अधिकृत |
| | | | सम्बन्धित स्थानीय तहका सामाजिक विकास शाखा | प्रमुख |
| | | | शिक्षा विकास तथा समन्वय इकाइ | प्रमुख |
| | | | नेपाल रेडक्रस सोसाइटी | सभापति |
| | | | हिमाली संरक्षण मञ्च | अध्यक्ष |
| | | | महिला उद्यमी संघ | अध्यक्ष |
| | | | रिड नेपाल | कार्यक्रम संयोजक |
| | | | नेपाल रेडक्रस सोसाइटी | सभापति |
| | | | गैसस | अध्यक्ष |
| | | | शिक्षण संस्थाहरु | प्रमुख |
| ६ | खोज तथा उद्धार समूह | जिल्ला प्रशासन कार्यालय, प्रमुख जिल्ला अधिकारी | जिल्ला समन्वय समिति | प्रमुख |
| | | | ९ वटै स्थानिय तहका | प्रमुख/उपप्रमुख |
| | | | नेपाली सेना भीमकाली गुल्म | गुल्मपति |
| | | | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी |
| | | | जिल्ला प्रहरी कार्यालय | प्रमुख |
| | | | सशस्त्र प्रहरी | प्रमुख |
| | | | ९ वटै स्थानीय तहका | प्रमुख प्रशासकीय अधिकृत |
| | | | सडक डिभिजन इलाम | कार्यालय प्रमुख |
| | | | सडक कार्यालय, झापा | कार्यालय प्रमुख |
| | | | उत्तर दक्षिण लोकमार्ग आयोजना | कार्यालय प्रमुख |
| | | | जिल्ला सदरमुकाम स्थित पूर्वाधार तथा सामाजिक विकाससँग सम्बन्धित | कार्यालय प्रमुख |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यालयका | |
| | | | नेपाल रेडक्रस सोसाइटी | सभापति |
| | | | ताप्लेजुङ उद्योग बाणिज्य संघ | अध्यक्ष |
| | | | निर्माण ब्यवसायी संघ | अध्यक्ष |
| | | | पत्रकार महासंघ जिल्ला शाखा | अध्यक्ष |
| | | | निजी विद्यालय व्यवसायी संघ | अध्यक्ष |
| | | | बस ट्रक र जीप ब्यवसायी कम्पनीहरु | अध्यक्षहरु |
| ७ | आवास समूह | जिल्ला समन्वय समितिका जिल्ला समन्वय अधिकारी | सम्बन्धित स्थानीय तहका | प्रमुख / उपप्रमुख |
| | | | सम्बन्धित स्थानीय तहका | प्रमुख प्रशासकीय अधिकृत |
| | | | डिभिजन वन कार्यालय | वन अधिकृत |
| | | | नेपाल रेडक्रस सासाइटी | सभापति |
| | | | शहरी विकास तथा भवन निर्माण कार्यालय, झापा, इलाम | का. प्र. |
| | | | जिल्ला स्वास्थ्य कार्यालय | मे. सु. |
| | | | उत्तर दक्षिण लोकमार्ग | कार्यालय प्रमुख |
| | | | जिल्ला प्रशासन कार्यालय | स.प्र. जि. अ. |
| | | | सामुदायिक वन | अध्यक्ष |
| | | | उपभोक्ता महासंघ | प्रमुख |
| | | | जलश्रोत तथा सिचाइ बिकास डिभिजन | प्रमुख |
| | | | नापी कार्यालय | प्रमुख |
| | | | मालपोत कार्यालय | प्रमुख |
| | | | घरेलु तथा साना उद्योग | प्रमुख |
| ८ | गैर खाद्य समूह | नेपाल रेडक्रस सोसाइटी सभापति | जिल्ला समन्वय समिति | प्रमुख |
| | | | सम्बन्धित स्थानीय तहका | प्रमुख/उपप्रमुख |
| | | | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी |
| | | | सम्बन्धित स्थानीय तहका | प्रमुख प्रशासकीय अधिकृत |
| | | | जिल्ला प्रशासन कार्यालय | स.प्र.जि.अ. |
| | | | जिल्ला प्रहरी कार्यालय | प्रमुख |
| | | | सशस्त्र प्रहरी बल, नेपाल १ नं. गुल्म हे.क्वा. | प्रमुख |
| | | | उद्योग बाणिज्य संघ | अध्यक्ष |
| | | | सामाजिक बिकासका लागि प्राबिधिक | सचिव |

| | | | | |
|---|---|---|---|---|
| | | | समूह | |
| | | | पत्रकार महासंघ जिल्ला शाखा | अध्यक्ष |
| | | | ट्याक्टर, जिप, पिकअप तथा यातायात ब्यवसायी कम्पनी | अध्यक्ष |
| | | | गैसस महासंघ जिल्ला शाखा | प्रमुख |
| ९ | संचार तथा समन्वय समूह | जिल्ला प्रशासन कार्यालय, प्रमुख जिल्ला अधिकारी | जिल्ला समन्वय समिति | प्रमुख |
| | | | जिल्ला प्रशासन कार्यालय | प्रमुख |
| | | | नेपाली सेना भीमकाली गुल्म | गुल्मपति |
| | | | जिल्ला प्रहरी कार्यालय | प्रमुख |
| | | | सशस्त्र प्रहरी बल, नेपाल १ नं. गुल्म हे.क्वा. | प्रमुख |
| | | | सम्बन्धित स्थानीय तहका | प्रमुख /उपप्रमुख |
| | | | सम्बन्धित स्थानीय तहका | प्रमुख प्रशासकीय अधिकृत |
| | | | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी |
| | | | जिल्ला हुलाक कार्यालय | प्रमुख |
| | | | दुरसंचार कार्यालय | प्रमुख |
| | | | नेपाल रेडक्रस सासाइटी | सभापति |
| | | | उद्योग वाणिज्य संघ | अध्यक्ष |
| | | | पत्रकार महासंघ जिल्ला शाखा | अध्यक्ष |
| | | | स्थानीय ताप्लेजुङ, फक्ताङलुङ र तमोर एफएम | स्टेसन मेनेजर |
| | | | दलित वर्ग उत्थान मञ्च | अध्यक्ष |
| | | | स्थानीय संचार माध्यमहरु | |
| | | | गैसस महासंघ जिल्ला शाखा | अध्यक्ष |

## ५. प्रतिकार्य आपतकालीन कार्य योजनाको खाका

प्रतिकार्य आपतकालीन कार्ययोजना देहाय अनुरुपको खाकामा प्रस्तुत गरिएकोछ । जसको प्रभावकारी कार्यान्वयनका लागि विषयगत जिम्मेवार निकायहरु विषेश जिम्मेवार हुदै उच्च सतर्कता अपनाउन आवश्यक देखिन्छ ।

जिम्मेवार निकाय :  जिल्ला समन्वय समिति

| क्रियाकलाप | सहयोगी निकाय/पदाधिकारी | कैफियत |
|---|---|---|
| आपतकालीन अवस्था घोषणा गर्न जिल्ला विपद व्यवस्थापन समितिलाई सल्लाह सुझाव दिने | जिल्ला समन्वय समिति प्रमुख/जिल्लाका माननीयज्यूहरु | तत्काल |
| आपतकालीन कार्य संचालन केन्द्रलाई क्षति भएको र राहत प्राप्त गरेको विवरण यथार्थपरक राख्न र राहत नदोहोरिने विषयको सुनिश्चित गर्ने | जिल्ला समन्वय समिति प्रमुख तथा अन्य सदस्यहरु | निरन्तर |
| राहत उपलब्ध गराउने मनसाय राखी आउने व्यक्ति तथा संस्थाहरुलाई जिल्ला विपद व्यवस्थापन समिति तथा स्थानीय विपद व्यवस्थापन समितिसँग समन्वय गरी एकद्धार प्रणालीको कार्यान्वयनलाई व्यस्थित बनाउने | जिल्ला समन्वय समिति प्रमुख तथा अन्य सदस्यहरु | निरन्तर |

जिम्मेवार निकाय : जिल्ला विपद व्यवस्थापन समिति

| क्रियाकलाप | सहयोगी निकाय/पदाधिकारी | समयावधि |
|---|---|---|
| आपतकालीन अवस्था घोषणा गर्न स्थानीय विपद् व्यवस्थापन समितिका अध्यक्षलाई सल्लाह र सुझाव दिने | प्रमुख जिल्ला अधिकारी, विपद व्यवस्थापन समितिका सदस्यहरु | तत्काल |
| खोज तथा उद्धारको लागि स्थानीय विपद् व्यवस्थापन समितिबाट सूचना संकलन तथा समन्वय गरी कार्यान्वयन गर्ने | प्रमुख जिल्ला अधिकारी, विपद व्यवस्थापन समितिका सदस्यहरु | तत्काल |
| जिल्ला आपतकालीन कार्य संचालन केन्द्रलाई स्थानीय तहमा रहेको आपतकालीन कार्य संचालन केन्द्रसँग समन्वय गर्न लगाई आपतकालीन अवस्थाको बारेमा राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्रमा जानकारी गराउन निर्देशन दिने | प्रमुख जिल्ला अधिकारी | तत्काल |
| राहत उपलब्ध गराउने मनसाय राखी आउने संस्थाहरुलाई समन्वय गरी एकद्धार प्रणालीको लागि निर्देशन दिने | प्रमुख जिल्ला अधिकारी, विपद व्यवस्थापन समितिका सदस्यहरु | निरन्तर |
| विस्थापित तथा प्रभावितहरु रहेको स्थान समुदाय तथा राहत वितरण स्थलमा आवश्यक सुरक्षा व्यवस्थाको सुनिश्चित गर्ने | प्रमुख जिल्ला अधिकारी, विपद व्यवस्थापन समितिका सदस्यहरु | निरन्तर |
| आपतकालीन अवस्था तथा प्रतिकार्यका कार्यक्रमहरुको अनुगमन गर्ने र आवश्यक मार्गदर्शन प्रदान गर्ने | प्रमुख जिल्ला अधिकारी, विपद व्यवस्थापन समितिका सदस्यहरु | निरन्तर |
| क्षति भए अनुसार प्रचलित कानून बमोजिम तत्काल राहत उपलब्ध गराउने | प्रमुख जिल्ला अधिकारी, | तत्काल |

जिम्मेवार निकाय :  नगरपालिका तथा गाउँपालिकाको विपद व्यवस्थापन समिति

| क्रियाकलाप | सहयोगी निकाय/पदाधिकारी | कैफियत |
|---|---|---|
| स्थानीय विपद व्यवस्थापन समितिको बैठकको आव्हान गर्ने र बैठक सञ्चालन गर्ने | पालिका प्रमुख(स्थानीय विपद व्यवस्थापन समितिको अध्यक्ष) र अन्य सदस्यहरु | तत्काल |
| सुरक्षा निकाय, रेडक्रस तथा संचार माध्य एवं स्थानीय आपतकालीन कार्य संचालन केन्द्र प्रारम्भिक सूचनाको आधारमा क्षतिको समग्र विवरण तयार गर्ने | स्थानीय विपद व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरु | तत्काल/घटना घटेको भोलिपल्ट |
| जिल्ला विपद व्यवस्थापन समिति तथा जिल्ला समन्वय समितिलाई आपतकालीन अवस्थाको घोषणा गर्ने सम्बन्धी जानकारी गराउने | स्थानीय विपद व्यवस्थापन समितिको अध्यक्ष | तत्काल |
| स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रलाई क्रियाशील गराउने | स्थानीय विपद व्यवस्थापन समितिको अध्यक्ष | निरन्तर |
| स्थानीय तहको खोज तथा उद्धारको लागि खोज तथा उद्धार विषयगत क्षेत्र वा कार्यटोलीलाई तत्काल निर्देशन दिने (जेष्ठ नागरिक महिला बालकालिका तथा अपांगता भएका व्यक्तिलाई प्राथमिकतामा राख्ने) | स्थानीय विपद व्यवस्थापन समितिको अध्यक्ष | तत्काल |
| ताप्लेजुङ जिल्ला रेडक्रश सोसाइटीको सहयोगमा दक्ष जनशक्ति परिचालन गरी प्रारम्भिक क्षति विश्लेषण गर्न स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रलाई निर्देशन दिने | स्थानीय विपद व्यवस्थापन समितिको अध्यक्ष | तत्काल |
| राहत वितरणमा एकद्धार प्रणालीलाई प्रभावकारी बनाउन राहत वितरण सम्बन्धी तथ्यांकलाई म्याट्रिक्स बनाउन स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रलाई निर्देशन दिने (कुन संस्था, कहाँ, के सहयोग, कसलाई कहिले आदि) | स्थानीय विपद व्यवस्थापन समितिको अध्यक्ष | निरन्तर |
| स्थानीय विपद व्यवस्थापन समितिको बैठक कम्तिमा पनि दिनको एकपटक सञ्चालन गर्ने र आवश्यकता अनुसार विषयगत क्षेत्रको प्रतिनिधिलाई समेत सहभागी गराएर प्रतिकार्य योजनामाथि पृष्ठपोषण लिने | स्थानीय विपद व्यवस्थापन समितिको अध्यक्ष | निरन्तर |
| आपतकालीन अवस्थाको बारेमा आपतकालीन कार्य सञ्चालन केन्द्र तथा विषयगत क्षेत्रसँग सूचना संकलन गरी जिल्ला विपद व्यस्थापन समितिमा पठाउने | स्थानीय विपद व्यवस्थापन समितिको अध्यक्ष | निरन्तर |
| प्रारम्भमा कम्तिमा पनि दुई दिनमा एकपटक र हप्ताको दुईपटक प्रतिकार्य भएका स्थानमा अनुगमन गर्ने र प्रतिकार्यमा देखिएका समस्या चुनौती र गर्नु पर्ने थप कार्य | स्थानीय विपद व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरु | निरन्तर |

| | | |
|---|---|---|
| बारेमा विभिन्न विषयगत क्षेत्रलाई मार्गदर्शन प्रदान गर्ने | | |
| खोज तथा उद्धारको लागि आपतकालीन अवस्थाको प्रकृति तथा क्षतिलाई आधार मानी नेपाल सरकार गृह मन्त्रालयबाट थप सहयोगका लागि समन्वय हुने भएकोले प्रमुख जिल्ला अधिकारी मार्फत गृह मन्त्रालय समक्ष जानकारी गराउने | स्थानीय विपद व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरु | |
| खोज तथा उद्धार भएको विपद सम्बन्धी प्रारम्भिक लेखाजोखा भएको प्रथम चरणको राहत वितरण भएको विषयगत क्षेत्र अनुसार प्रथम चरणको प्रतिकार्य भएको आपतकालीन अवस्थाको अन्त्य गर्दै पुनर्लाभ कार्यलाई शुरुवात गर्ने र आपतकालीन अवस्था अन्त्य भएको घोषणा गर्ने | स्थानीय विपद व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्यहरु | प्रतिकार्य समापन पछि |

जिम्मेवार निकाय : आपतकालीन कार्य सञ्चालन केन्द्र (जिल्ला तथा स्थानीय DEOC , LEOC)

| क्रियाकलाप | सहयोगी निकाय/पदाधिकारी | कैफियत |
|---|---|---|
| आपतकालीन कार्य सञ्चालन केन्द्रलाई पूर्णकालीन रुपमा सक्रिय बनाउने | केन्द्र प्रमुख | तत्काल |
| प्रारम्भिक द्रुत लेखाजोखा कार्य सञ्चालन गर्न समन्वय गर्ने | केन्द्र प्रमुख | निरन्तर |
| प्रारम्भिक द्रुत लेखाजोखाबाट प्राप्त सूचनालाई LEOCले DEOCलाई जानकारी गराउने र उक्त जानकारी प्रदेश तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चाल केन्द्र र अन्य सरोकारवालाहरुलाई DEOC ले जानकारी गराउने | केन्द्र प्रमुख | निरन्तर |
| अत्यन्त जोखिममा रहेकाहरुलाई राहत वितरण गर्न सहयोग गर्ने | केन्द्र प्रमुख | निरन्तर |
| प्रतिकार्यको प्रगति तथा चुनौती समावेश गरी दैनिक प्रतिवेदन तयार गरी संप्रेषण गर्ने | केन्द्र प्रमुख | निरन्तर |

जिम्मेवार निकाय : विषयगत क्षेत्र

| क्रियाकलाप | सहयोगी निकाय/पदाधिकारी | कैफियत |
|---|---|---|
| खोज तथा उद्धरमा विषयगत क्षेत्र खोज तथा उद्धारको कार्यको लागि तयार हुने | विषयगत क्षेत्र प्रमुख | तत्काल |
| घाइतेहरुलाई प्राथमिक स्वास्थ्य उपचार प्रदान गर्ने | स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र प्रमुख | निरन्तर |
| दीर्घकालीन स्वास्थ्य सम्बन्धी सेवा आवश्यक पर्ने व्यक्तिको पहिचान गरी अस्पतालहरु तथा विशिष्ठ सेवा प्रदान गर्ने निकायमा रिफर गर्ने | स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र प्रमुख | तत्काल |
| उद्धार गरिएका व्यक्ति धनसम्पति पशुधनको सूचि तयार | खोज तथा उद्वार विषयगत क्षेत्र प्रमुख | तत्काल |

| | | |
|---|---|---|
| गरी सो जानकारी सम्बन्धित तहको आपतकालीन कार्य सञ्चालन केन्द्रलाई उपलब्ध गराउने | | |
| राहत वितरणको लागि आवश्यक बन्दोबस्तीको व्यवस्था गर्ने | बन्दोबस्ती विषयगत क्षेत्र प्रमुख | निरन्तर |
| आपतकालीन अवस्थामा अत्यन्त जोखिममा पर्न सक्ने वर्गहरुलाई संरक्षणको योजना बनाई निरन्तर संरक्षण सेवा प्रदान गर्ने | संरक्षण हेर्ने विषयगत क्षेत्र प्रमुख | निरन्तर |
| मनोसामाजिक रुपमा प्रभावित परिवार तथा व्यक्तिको छनौट गरी सो सम्ब्धी परामर्श दिन तालिम प्राप्त व्यक्तिहरुको परिचालन गर्ने | संरक्षण हेर्ने विषयगत क्षेत्र प्रमुख | निरन्तर |
| आपतकालीन अवस्थमा पनि बालबालिकाको सिकाई कार्यलाई निरन्तरता दिन अस्थायी सिकाई केन्द्र सञ्चाल गर्ने | शिक्षा हेर्ने विषयगत क्षेत्र प्रमुख | निरन्तर |
| खानेपानीको आपूर्ति बन्द भएको अवस्थामा सूचारु गर्ने | खानेपानी तथा सरसफाई हेर्ने विषयतग क्षेत्र प्रमुख | तत्काल देखि निरन्तर |
| आपतकालीन अवस्थामा शिक्षा प्रदान गर्ने शिक्षक शिक्षिकालाई तलिम प्रदान गर्ने | शिक्षा हेर्ने विषयगत क्षेत्र प्रमुख | १५ दिन पछि |

**जिम्मेवार निकाय : सञ्चार क्षेत्र**

| **क्रियाकलाप** | **सहयोगी निकाय/पदाधिकारी** | **कैफियत** |
|---|---|---|
| विपद सम्बन्धी प्राप्त भएको क्षतिको यथार्थ जानकारी सम्प्रेषण गर्ने | सञ्चार माध्यम | निरन्तर |
| आपतकालीन अवस्थामा प्रवाह गरिने सेवाहरुको जानकारी गराउने | सञ्चार माध्यम | निरन्तर |
| आपतकालीन व्यवस्थापनमा भएका सकारात्मक तथा सुधार गर्नु पर्ने विषयहरुमाथि आम समुदायलाई जानकारी गराउने | सञ्चार माध्यम | निरन्तर |

**जिम्मेवार निकाय : रेडक्रस गै. स. स., निजी क्षेत्र तथा सामुदायिक संस्था**

| क्रियाकलाप | सहयोगी निकाय/व्यक्ति | कैफियत |
|---|---|---|
| आपतकालीन अवस्थाको लेखाजोखा गर्न तालीम प्राप्त जनशक्तिको बारेमा जानकारी गराई परिचालन गर्ने | रेडक्रस गै. स. स., निजी क्षेत्र तथा सामुदायिक संस्थाका प्रमुख | तत्काल देखि निरन्तर |
| विषयगत क्षेत्रसँग तथा आपतकालीन कार्य सञ्चालन केन्द्रसँग समन्वय गरी समन्वयात्मक तवरबाट राहत वितरणमा क्रियाशील रहने | रेडक्रस गै. स. स., निजी क्षेत्र तथा सामुदायिक संस्थाका प्रमुख | तत्काल देखि निरन्तर |
| ससाना प्रकारका विपदलाई स्थानीय श्रोत परिचालन गरि घटनाको असर न्यून गर्न परिचालित हुने | रेडक्रस गै. स. स., निजी क्षेत्र तथा सामुदायिक संस्थाका प्रमुख | तत्काल देखि निरन्तर |
| प्रारम्भिक खोज तथा उद्दारको कार्यमा खटिने | रेडक्रस गै. स. स., निजी क्षेत्र तथा सामुदायिक संस्थाका प्रमुख | तत्काल देखि निरन्तर |
| प्रारम्भिक द्रुत लेखाजोखामा सहभागी हुने | रेडक्रस गै. स. स., निजी क्षेत्र तथा | तत्काल देखि |

| | | |
|---|---|---|
| | सामुदायिक संस्थाका प्रमुख | निरन्तर |
| आपतकालीन अवस्थामा के गर्न हुने के नहुने भन्ने सम्बन्धी समुदायलाई जानकारी दिने | रेडक्रस गै. स. स., निजी क्षेत्र तथा सामुदायिक संस्थाका प्रमुख | तत्काल देखि निरन्तर |
| आमा समूह तथा महिला स्वास्थ्य स्वयंसेवकहरुले विशिष्ट प्रकारको आवश्यकता पहिचान गरी विभिन्न उपसमितिहरुलाई जानकारी गराउने | रेडक्रस गै. स. स., निजी क्षेत्र तथा सामुदायिक संस्थाका प्रमुख | तत्काल देखि निरन्तर |